# मिति २०७९/०३/२३ गते बसेको समन्वय समितिको बैठकबाट भएको निर्णयः-

मिति २०७५/०५/०६ गते महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौंमा बसेको समन्वय समितिको बैठकले उच्च सरकारी वकील कार्यालय तहमा समन्वय समितिको स्थापना गरी अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ समन्वय समिति गठन भएकोमा उक्त समितिको बैठक २०७९/०३/२३ गते विहिबार, बिहान ८:०० बजे उच्च सरकारी वकील कार्यालय, जुम्लामा बसी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**<u>उपस्थितिः-</u>**

श्री शम्भु गौतम, नि. सह न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्लाः- संयोजक
श्री विजया कुमारी प्रसाई, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्लाः- सदस्य
श्री नरेन्द्र चन्द प्रहरी नायब उपरीक्षक जिल्ला प्रहरी कार्यालय, जुम्ला (प्रतिनिधि श्री संघीय प्रहरी ईकाइ कार्यालय, सुर्खेत )
श्री सीताराम राउत, सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्लाः- सदस्य सचिव

**<u>आमन्त्रित</u>**

श्री सुरेश राज खनाल, रजिष्टार, उच्च अदालत सुर्खेत जुम्ला ईजलास, जुम्ला ।
श्री रेणुका राई, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जुम्ला ।

**<u>छलफलका विषयहरु</u>**

१. विगतको निर्णयहरु र सो को कार्यान्वयनको अवस्थाको समिक्षा ।
२. अनुसन्धान तथा अभियोजनमा सूधार गर्नुपर्ने विषयहरुको सम्बन्धमा ।
३. उच्च सरकारी वकील कार्यालय जुम्लाको आ.व. २०७९/०८० को प्रस्तावित वार्षिक कार्य योजनाको मस्यौदा एवं क्रियाकलाप कार्यान्वयन सम्बन्धमा ।
४. विविध

**<u>निर्णयहरुः-</u>**

**<u>प्रस्तावनं. १ माथि छलफल गर्दा</u>**

- देहायको विषयहरुमा मिति २०७७/०९/०३ गते बसेको समन्वय समितिको बैठकबाट पारित गरिएको देहायको कार्यहरु प्रभावकारी ढङ्गबाट कार्यान्वयनमा आएको नदेखिँदा उक्त कार्यहरुलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याइ निरन्तरता दिने निर्णय गरियो ।

१.१ पीडितले आफूलाई परेको क्षति र प्रभ (ावको उल्लेख गरी सो को विवरण अभियोजन हुनु पूर्व वा अभियोजन भएको एक महिना भित्र सरकारी वकील समक्ष पेश गर्न सक्ने हुँदा सो को जानकारी पीडितपक्षलाई अनुसन्धानकै क्रममा जानकारी गराई सो को निस्सा मिसिल संलग्न राख्ने कार्यलाई कार्यान्वयनमा ल्याउने ।

१.२ म्याद (थपको लागि मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्दा थप हिरासतमा राख्नु पर्ने आधार कारण अनिवार्यरुपमा उल्लेख गरी सरकारी वकीलबाटै म्याद थप माँग गर्ने गराउने ।

ज्ञ.३ (अभियोग पत्रमा उल्लेखित कुनै साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने अवस्था भएमा मूलुकी फौजदारी कार्यविधि संहिताको दफा १०१ बमोजिम (५) प्रमाण सहित कारण देखाई त्यस्ता साक्षीलाई तत्कालै वा अभियोग पत्रसाथ अदालतमा उपस्थित गराई बकपत्र गराउन सकिने हुँदा सो को कार्यान्वयन गर्ने गराउने ।

१.४) अभियोग पत्रको प्रतिलिपि कार्यालयमा अभिलेख राखी प्रतिवादी पीडित एवं जाहेरवाला र , अनुसन्धान अधिकृतलाई दिने दिलाउने रअपराध पीडित एवं जाहेरवालालाई मुद्दाको काम कारवाही सम्वन्धमा भएको महत्वपूर्ण आदेश निर्णय आदिको जानकारी समेत अभिलेख राखी दिने दिलाउने ।

**<u>प्रस्ताव नं. २ माथि छलफल गर्दाः-</u>**

२.१.अनुसन्धान र अभियोजन गर्दा घटना विवरण कागज गर्ने मानिसहरुको पहिचान खुल्ने कागजातहरु अनिवार्य रुपमा मिसिलमा राख्न र राख्न लगाउने कार्यलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याउने ।

२.२. अपराध अनुसन्धान र अभियोजन गर्ने पद्धति र प्रक्रियालाई परिवर्तन गर्न अनुसन्धान गर्ने Unit कम्तीमा एक जना सूचना प्रविधि विज्ञ र फोटो र भिडियो खिच्ने उपलब्ध विज्ञको चयन गरी प्रारम्भिक अनुसन्धानकै क्रममा आधुनिक विद्युतीय प्रविधिहरुलाई अधिकतम प्रयोग गरी डकुमेन्टेसन गर्ने कार्यलाई अनिवार्य गर्ने साथै अनुसन्धानबाट संकलित भएका त्यस्ता विद्युतीय प्रमाणहरुलाई खोजी गरेको जुनसुकै बेला हेर्न सकिने गरी सुरक्षित तवरले कम्प्यूटरमा बुझिने गरी प्रविष्टी गरिने कार्यलाई अनुसन्धान गर्ने कार्यालय र अभियोजन गर्ने कार्यालयले आ-आफ्नो कार्यालयमा सुरक्षित राख्दै मुद्दा हेर्ने निकाय समेतमा अभियोग साथ त्यस्ता प्रमाणहरुलाई विद्युतीय प्रविधिमै खोजेको बखत प्राप्त गर्न सकिने गरी सुरक्षित साथ राख्न आवश्यक पहल गर्ने गराउने।

२.३.महान्यायाधिवक्ताको कार्यालय एवं केन्द्रिय समितिको बैठकबाट विभिन्न समयमा प्राप्त हुन आएका निर्णय एवं परिपत्रहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने ।

**प्रस्ताव नं. ३ माथि छलफल गर्दाः-**

३.१.उच्च सरकारी वकील कार्यालय, जुम्लाले आ.व. २०७८/०७९ मा सम्पादन गरेको वार्षिक कार्ययोजना अन्तर्गतको क्रियाकलापहरुको बारेमा जानकारी गराई पृष्ठपोषण लिने कार्य गरियो।

३.२.वार्षिक कार्ययोजना अन्तर्गत अनुसन्धान, अभियोजन र सरकार वादी मुद्दाको कारवाही प्रक्रिया, शंकितको अधिकार, समुदायमा सरकारी वकील कार्यक्रम लगायतका वार्षिक कार्ययोजनामा उल्लेख भएका विषयहरुको कार्यक्रम आयोजना र कार्यन्वयन गर्न समन्वय समितिमा रहेका कार्यालयहरुले उच्च सरकारी वकील कार्यालय र मातहत जिल्ला सरकारी वकील कार्यालयहरुलाई आवश्यक समन्वय र सहयोग गरी संयुक्त रुपमा सम्पादन गर्न सकिने क्रियाकलापहरुलाई संयुक्त रुपमै निरन्तरता दिई संचालन गर्ने निर्णय गरियो ।

**विविधः-**

उपरोक्त निर्णय कार्यान्वयनको लागि उच्च सरकारी वकील कार्यालय र संघीय प्रहरी ईकाई कार्यालयबाट मातहत कार्यालयहरुमा परिपत्र गर्ने र निर्णय कार्यान्वनय भए नभएको अनुगमन र निरीक्षण गरी त्यसलाई समेत मातहत कार्यालयको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने र आगामी बैठकमा कार्यान्वयनको अवस्थाबारे पूनः समिक्षा गर्ने निर्णय गरियो ।

